# बीसौ वार्षिक साधारण सभाको
# निर्णय (माईन्युट) को बिबरण

## महालक्ष्मी विकास बैंक लिमिटेड
## केन्द्रीय कार्यालय
## दरबारमार्ग, काठमाडौ

महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

## महालक्ष्मी विकास बैंक लिमिटेडको बीसौ वार्षिक साधारण सभाको निर्णय

१ कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम यस महालक्ष्मी विकास बैंक लि.को बीसौ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्युको अध्यक्षतामा बसी देहाय बमोजिम को प्रस्ताव उपर छलफल र निर्णय गरीयो ।

२ **सभाको मिति, समय र स्थान**

मिति : २०७८ साल फाल्गुन महिना १३ गते शुक्रवार (तदरअनुसार २५ फेब्रुअरी, २०२२) ।
समय : विहान ११ बजे ।
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं
सभा सम्पन्न : दिनको ६:१० बजे सम्पन्न भयो । (निर्बाचन समेतको कार्यक्रम)

३. **सभाको सुचना प्रकाशन**

(क) यस बैंकको संचालक समितिको मिति २०७८/९/२ (तदअनुसार डिसेम्बर १७, २०२१) गते बसेको सञ्चालक समितिको ५०६ औ बैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको प्रतिबेदन सहितको वार्षिक साधारण सभाको सुचना शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाई सो बमोजिमको जानकारीका लागी बैंकको वेभसाईड www. mahalxmibank.com मा र मिति २०७८/९/४ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिक तथा मिति २०७८/९/९ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रीकामा सुचना प्रकाशीत गरीएको थियो ।

तर मिति २०७८/९/२५ गते बोलाईएको सभामा संस्थापक समूह (क) बाट ३ र सर्वसाधारण समूह (ख) बाट ३ जना सञ्चालक सञ्चालक पदको निर्वाचन गर्ने विषयसूचि समेत रहेकोमा सञ्चालक पदको निर्वाचनको बिषयलाई लिएर उम्मेदवार शेयरधनी श्री गिरीराज पोखरेल र श्री प्रमोद श्रेष्ठले श्री उच्च अदालत पाटनमा दिएको उत्प्रेषणको (**रिट नं.०७८-WO-०६४६**) रिट निवेदनमा **विपक्षी समेतको कुरा सुनी निर्णय लिन न्यायोचित हुने देखिदा भएकाले सञ्चालक पदको निर्वाचन सम्बन्धी बाँकि कार्यक्रम स्थगित गर्न मिति २०७८/१०/३ सम्मको लागि अल्पकालिन अन्तरिम आदेश जारी भएकाले निर्वाचन कार्यक्रमको बाँकि काम कारवाही स्थगित गरी** बाँकी सामान्य प्रस्ताबहरु र विशेष प्रस्तावहरु सञ्चालन हुने भन्ने ब्यहोराको सूचना मिति २०७८/९/२३ बैठकनं ५११ को निर्णय बमोजिम मिति २०७८/९/२४ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिकमा प्रकाशीत गरीएको तर सो सभामा कम्पनी ऐन, २०६३ को दफा ७३ तथा यस बैंकको नियमावलीको नियम ५ (१) अनुसारको गणपुरक संख्या नपुगेको कारणबाट सभाको काम कारवाही स्थगित हुन गएको थियो ।

स्थगित भएको बीसौ साधारण सभा कम्पनी ऐन २०६३ को दफा ६७ (२) को प्रतिबन्धात्मक वाक्यासं र बैंकको नियमावलीको नियम ४ को (५) को ब्यवस्था बमोजिम २०७८ साल माघ ३ गते बस्ने गरी सञ्चालक समितिको मिति २०७८/९/२५ बैठकनं ५१२ को निर्णय बमोजिम मिति २०७८/९/२६ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिकमा सार्बजनिक सुचना समेत प्रकाशीत गरीएको थियो ।

तर उम्मेदवार शेयरधनी श्री गिरीराज पोखरेल र श्री प्रमोद श्रेष्ठले श्री उच्च अदालत पाटनमा साधारण सभा समेत रोकि पाँउ भनी दिएको उत्प्रेषणको रिट निवेदनमा (०७८-WO-०६७५) **रिट.नं.०७८-WO-०६४६ निबेदनको अन्तरीम आदेशको टुंगो नलागेसम्म २०७८ साल माघ ३ गते गर्ने भनीएको साधारण सभा नगर्नु नगराउनु भनि मिति २०७८/१०/२ मा सम्मानीत उच्च अदालत पाटनबाट अन्तरीम आदेश भएकोले** सञ्चालक समितिको मिति २०७८/१०/२

बैठकनं ५१३ को निर्णय अनुसार मिति २०७८ साल माघ ३ गतेको बीसौ बार्षिक साधारण सभा पुन स्थगित गरिएको थियो ।

श्री उच्च अदालत पाटनबाट रिट नं.०७८-WO-०६४६ को निबेदनमा मिति २०७८/१०/३ मा अन्तरीम आदेश उपर छलफल हुंदा **निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी हुने अवस्थाको विद्यमानता नहुंदा यस अदालतवाट मिति २०७८/९/२३ मा जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिनु परेन** भन्ने आदेश भई सञ्चालक पदको निर्वाचन लगायत बीसौ बार्षिक साधारण सभाका लागी प्रस्ताव गरीएका सामान्य तथा बिशेष प्रस्तावको बिषयसूचिहरु उपर छलफल तथा निर्णय गर्न सकिने अवस्था भएको र कोभिड १९ को नयाँ भेरियन्ट ओमीक्रोनको बढ्दो अवस्था, बैंकका कर्मचारीहरुमा भई रहेको संक्रमणको प्रभाव एवं सभा सम्मेलन, भेला आदीमा रोक लगाउने गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेतले जारी गरेको बिभिन्न मितिको सूचनाको कारणबाट तत्काल साधारण सभा बोलाउन असमर्थ रहेकोमा हाल सक्रमणको दर घट्दै गएको र जिल्ला प्रशासन कार्यालयबाट समेत स्वास्थ्य मापदण्डको पालना गर्दै भिडभाड नहुने गरी नियमित कार्य गर्न रोक नलगाएकोले यस बैंकको सञ्चालक समितिको मिति २०७८/११/५ मा बसेको ५१६ औं बैठकले उक्त स्थगित हुन गएको बीसौ बार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांश अनुसार सम्पूर्ण शेयरधनी महानुभाव एवं सरोकारवालाहरुका जानकारीको लागि मिति २०७८/११/६ मा अन्नपुर्ण राष्ट्रिय दैनिकमा सूचना प्रकाशीत गरिएको थियो ।

(ख) कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिबेदन, कम्पनीको वित्तीय बिबरणहरु, साधारण सभा बस्ने बारेको प्रकाशीत सार्वजनिक सुचनामा शेयरधनीहरुको जानकारीका लागी बित्तीय बिबरण समेत प्रकाशीत गरीएको साथै शेयरधनीहरुको ठेगानामा समेत पठाईएको ।

(ग) साधारण सभामा पर्यबेक्षकको रुपमा उपस्थितिका लागी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि, र श्री सिडिएस एण्ड क्लियरीङ्ग लि.लाई अनुरोध गरी पत्राचार गरीएको ।

(घ) आमन्त्रीतको रुपमा लेखापरीक्षक श्री T.R Upadhya & Co Chartered Accountants लाई अनुरोध गरी पत्राचार गरीएको ।

४. **छलफलका विषयहरुः-**

**(क) सामान्य प्रस्तावहरु :-**

(१) अध्यक्षज्युको मन्तब्य सहित बीसौ बार्षिक साधारण सभा (आ.व.२०७७/०७८) को प्रयोजनका लागि सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारीत गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ साल आषाढ मसान्तको वासलात तथा आ.ब.२०७७/०७८ को नाफा नोक्सान हिसाव एवं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध बित्तीय बिबरण सहितका अनुसूचीहरु पारीत गर्ने ।

(३) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ सम्मको संचित मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूँजी रु.३,३४,२४,०२,७२४/–को १.०५२६ प्रतिशतले हुन आउने नगद लाभांश रु.३,५१,८३,१८७/- (अक्षरेपी तीन करोड एकाउन्न लाख त्रियासी हजार एकसय सतासी मात्र),(दशमलब पछाडि ४ अंङ्क मात्र उल्लेख गरीएको) बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव पारित गर्ने ।



महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।

(५) सञ्चालक समितिको बैठक भत्ता,दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने ।

(६) विकास बैंकको नियमावली बमोजिम संस्थापक समुह (क) बाट ३ जना र सर्बसाधारण समुह (ख) बाट ३ जना गरी जम्मा ६ जना सञ्चालकको निर्बाचन गर्ने ।

(७) स्वतन्त्र सञ्चालक नियुक्त हुनुभएको जानकारी सम्बन्धमा ।

**(ख) बिशेष प्रस्तावहरु :–**

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ सम्मको संचित मुनाफा रकमबाट शेयरधनीहरुलाई हाल कायम रहेको चुक्ता पूंजी रु.३,३४,२४,०२,७२४/– को २० प्रतिशतका दरले हुनआउने रकम रु.६६,८४,८०,५४५/–(अक्षरेपी छैसट्ठी करोड चौरासी लाख असी हजार पाँच सय पैतालीस) बराबरको बोनस शेयर बितरण गर्ने प्रस्ताव पारीत गर्ने ।

(२) विकास बैंकको हाल कायम अधिकृत पूंजी रु.४,००,००,००,०००/- (अक्षरेपी चार अर्ब) लाई वृद्धि गरी रु ८,००,००,००,०००/-(अक्षरेपी आठ अर्ब) कायम गर्ने सम्वन्धि प्रस्ताव पारित गर्ने ।

(३) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने प्रस्ताव पारीत भए अनुसार हुने गरी नियमावलीमा आवश्यक संशोधन गर्ने र बिशेष प्रस्ताव अन्तर्गतको प्रस्ताव नं १ बमोजिमको बोनश शेयर जारी भए पश्चात जारी तथा चुक्ता पुँजि बृद्धि गर्न र प्रस्ताव नं २ को अधिकृत पुँजि बृद्धि गर्न पारीत भए अनुसार हुने गरी विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारीत गर्ने ।

(४) बिकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

## ५. सभामा उपस्थिति

**(क) सञ्चालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री राजेश उपाध्याय | अध्यक्ष |
| श्री संजय गिरी | सञ्चालक |
| श्री राजेश कुमार रौनीयार | सञ्चालक |
| श्री श्याम सुन्दर रुंगटा | सञ्चालक |
| श्री रुपेन्द्र पौडेल | सञ्चालक |
| श्री राहुल अग्रवाल | सञ्चालक |
| श्रीमती अम्बीका श्रेष्ठ | सञ्चालक |

**(ख) अन्य पदाधिकारीको उपस्थिति**

| | |
|---|---|
| श्री वोधराज देबकोटा | प्रमुख कार्यकारी अधिकृत |
| श्री सोमराज पन्त | कम्पनी सचिव |

श्री दिपेश लम्साल — बरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत
श्री ध्रुवराज तिवारी — नायब प्रमुख कार्यकारी अधिकृत
श्री जलज कुमार शर्मा — सहायक प्रमुख कार्यकारी अधिकृत
संस्थागत शेयरधनि प्रतिनिधि — कर्मचारी संचय कोष

**(ग) शेयरधनीहरुको उपस्थिति**

१. उपस्थित शेयरधनीहरुको संख्या : ५१४ जना
(क) शेयरधनी स्वंयम तथा जुम बाट : २५० जना
(ख) प्रतिनिधि (प्रोक्सी) बाट : २६४ जना
२. शेयरधनिहरुको उपस्थिति प्रतिशत : ०.५९३३ प्रतिशत
३. शेयरको प्रतिनिधित्व संख्या : १,८६,६३,५९२ कित्ता
४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ५५.८३८८ प्रतिशत अर्थात ५१४ जना

**(घ)** यस सभाको मिति २०७८/९/१२ सम्ममा शेयर कारोबार भई सहभागी हुन पाउने शेयरधनीहरु संस्थापक तथा सर्वसाधारणको कुल संख्या ८६,६२६ मध्ये शेयरधनीहरु स्वंयम तथा जुमबाट २५० शेयरधनी तथा प्रतिनिधि (प्रोक्सी)मार्फत २६४ जनाको उपस्थिति रहेको थियो ।

६ **गणपुरक संख्या**

| बिवरण | कुल संख्या | स्वंयम तथा Zoom बाट उपस्थिति | प्रतिनिधि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनि संख्या | ८६,६२६ | २५० | २६४ | ५१४ | ०.५९३३ |
| कम्पनीको शेयर संख्या | ३,३४,२४,०२७.२४ | २३,९७,२१४ | १,६२,६६,३७८ | १,८६,६३,५९२ | ५५.८३८८ |

७. **सभाको बैधानिकता तथा सभापतित्व :-**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) को प्रतिबन्धात्मक वाक्यांस बमोजिम विकास बैंकको स्थगित बीसौ वार्षिक साधारण सभा बोलाईएको र कम्पनी ऐन २०६३ को दफा ७३ (३) तथा बिकास बैंकको नियमावलीको नियम (५) (१) बमोजिम गणपुरक संख्या पुरा नभएको कारणले सभा हुन नसकि कम्तीमा ७ दिनको सुचना दिई अर्को पटक सभा बोलाउदा कम्पनीको बाडफाड भएको कुल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ जना शेयधनीहरु स्वमं वा प्रतिनिधि द्वारा उपस्थित भएमा गणपुरक संख्या पुग्ने प्रावधान रहे अनुरुप शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या उपरोक्त ऐन र बैकको नियमावलीमा उल्लेख भए बमोजिम प्रचलित कानुन अनुसार सञ्चालन भएको साधारण सभामा गणपुरक संख्या पुगेको ब्यहोरा अध्यक्षको आदेशानुसार कम्पनी सचिवले सभालाई अवगत गराउनु भयो साथै सभाले गणपुरक संख्या पुगेको मन्जुर गर्दै पुर्व सुचित सभाको निर्धारीत बिषयसुचीको क्रमानुसार जान र तत सम्बन्धमा बैंकको नियमावली तथा प्रचलित कानुन बमोजिम सभा सञ्चालन गरी कार्यबाही बढाउन सभाले अनुमती दियो ।

८. **सभाको अध्यक्षता र सभा सञ्चालन**

कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा १ बमोजिम साधारण सभाको अध्यक्षता बैंक सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्युबाट भयो । कम्पनी सचिवले अनुरोध गरे बमोजिम अध्यक्षज्यु लगायत सञ्चालकज्युहरुले सभामा आसन ग्रहण गर्नुभयो । तत पश्चात अध्यक्षज्युले सभा सञ्चालन गर्नु भयो ।

महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

९. **स्वागत मन्तब्य**

विकास बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री वोधराज देबकोटाले सभामा स्वयम तथा भर्च्युल मार्फत उपस्थित हुनुभएका सम्पुर्ण शेयरधनी महानुभावहरु उपस्थित सबैलाई हार्दीक स्वागत गर्दै स्थगित भएको बीसौ वार्षिक साधारण सभा सम्पन्न हुन गैरहेकोमा आदरणीय शेयरधनी महानुभावहरुलाई धन्यबाद दिन चाहान्छु । बैंकको समग्र स्थितिलाई अध्ययन गर्दा बैंक अत्यन्त सवल अवस्थामा रहेको र कोभिड-१९ को प्रतिकूलताको वाबजुद आ.व २०७७/७८ मा २१.०५२६ प्रशिशत प्रतिफल दिन सक्षम भएका छौ । वर्ष भरी गरेका काम कारबाहीलाई मुल्याकंन गर्दै सम्मानका साथ संस्थालाई अगाडी बढाउदै लैजाने छु । सो अनुरुप समयानुकूलको कार्ययोजनाहरु तयार गरी अगाडी बढ्न द्रुत गतिमा काम शुरु गरिसकेका छौं भन्ने आफ्नो स्वागत मन्तब्य सहितको भनाई राख्नु भयो ।

१०. **सभाको उद्घाटन**

बीसौ वार्षिक साधारण सभाको उदघाट्न बैंक सञ्चालक समितिका अध्यक्ष तथा यस सभाका अध्यक्ष श्री राजेश उपाध्यायज्युबाट पानसमा दिप प्रज्वलन गरी गर्नुभयो ।

११ **अध्यक्षज्युको मन्तब्यको मुख्य बुदाहरु**

बैंकिङ्ग क्षेत्रमा रहेको तीव्र प्रतिस्पर्धाका वाबजुद पनि यस महालक्ष्मी विकास बैंकले वित्तीय क्षेत्रमा आफ्नो सफल तथा फरक पहिचानलाई निरन्तरता दिन सक्षम रहेको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण नेपालमा पनि आर्थिक क्रियाकलापहरु प्रभावित हुन गएकाले देशको आर्थिक क्रियाकलाप आशातीत हुन नसकेतापनि बैंकले कुशलता पुर्बक काम गरेका कारण बैंकिङ्ग क्षेत्रमा रहेको तीव्र प्रतिस्पर्धाका विच पनि वित्तीय क्षेत्रमा आफ्नो सफल तथा फरक पहिचानलाई निरन्तरता दिन सफल भएको छ ।

विकास बैंकको सहि कार्ययोजना र खर्च र पूंजी दुवैको सफल व्यवस्थापनका कारण आर्थिक वर्ष २०७७/७८ मा यस बिकास बैंकले रु ७०,३६,६३,७३२/-बितरण योग्य मुनाफा आर्जन गर्न सफल भएको छ । सो मुनाफा मध्ये रु.६६,८४,८०,५४५/–अर्थात २० प्रतिशत बोनस शेयर (रु.३,५१,८३,१८७/– अर्थात १.०५२६ नगद लाभांश बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ) आदरणीय शेयरधनी महानुभावहरु लाई बितरण गर्न सक्षम भएका छौ । यसका लागि आ-आफ्नो ठाँउबाट महत्वपूर्ण योगदान पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, ग्राहकवर्ग, बैंकका कर्मचारीवर्ग, शुभेच्छुक तथा अन्य सम्पूर्ण सम्बद्ध निकायहरुलाई धन्यवाद ज्ञापन गर्दछु । बोनश शेयर जारी पश्चात बैंकको चुक्ता पूँजी रु ४,०१,०८,८३, २७०/–पुग्नेछ । यस विकास बैंकलाई अग्रणी विकास बैंकको रुपमा स्थापित गर्दै आगामी दिनमा शेयरधनीहरुलाई उचीत प्रतिफल दिने प्रतिबद्धताका साथ कार्य गरिरहेका छौ ।

कोभिड-१९ को संक्रमण र यसको असर कुन हदसम्म जान्छ अहिले नै यकिन गर्न सकिने अवस्था नभए पनि पछिल्लो समयमा स्थितिमा ऋमिक सुधार आई आर्थिक गतिविधिले सामान्य लय समात्न लागेको हुनाले समग्र अर्थतन्त्र चलायमान हुने, आर्थिक कियाकलापले गति लिने र नेपालको आर्थिक बृद्धिदर सहित अन्य सम्बृद्धिका सूचकांकहरु सकारात्मक रहने कुरामा हामी आशावादी छौं ।

विकास बैंकको शाखा सञ्जाल संख्या १०३ पुगेको र शाखा बिस्तारको कार्यलाई निरन्तरता दिंदै बैंकको पहुच नपुगेको प्रदेश तथा सदरमुकाममा शाखा सञ्जालको कार्यलाई अगाडि बढाईने छ । साथै आगामी दिनहरुमा प्राप्त अवसरहरुलाई सहि उपयोग गर्दै ग्राहकहरुको सन्तुष्टि एवं लगानीको उचित प्रतिफल प्रदान गर्न आफ्ना क्रियाकलापहरु लाई बिशिष्टीकरण गर्दै अझ बढि सक्षमताका साथ गुणस्तरीय बित्तीय सेवा प्रदान गर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं ।



महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

आधुनिक बैंकिङ्ग तथा ग्राहक वर्गहरुको सन्तुष्टिको मुख्य आधार सूचना प्रविधि नै भएको कुरालाई मनन गर्दै समय सापेक्ष सूचना प्रविधिको बिकास गर्दै लगिनेछ । विकास बैंकलाई सबल र विश्वसनीय बनाउनका लागी आवश्यक प्रविधि, जोखिम व्यवस्थापन, कर्मचारी व्यवस्थापन, तथा सेवा सुविधाहरुमा बिशेष जोड दिदै जानेछौ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत हाम्रा समुदायहरुको दिगो आर्थिक र सामाजिक विकासको प्रवर्द्धन गर्न योगदान गर्दै आइरहेका छौं र यसलाई निरन्तरता दिने नै छौं ।

हामी उत्कृष्ट र विश्वासिलो विकास बैंक बन्ने उद्देश्य लिएर आफ्नो कार्यदिशा तय गरेका छौ । **"सबल बैंक सफल सहकार्य"** भन्ने नारालाई कार्यदिशाले अवश्य नै चरितार्थ गर्ने कुरामा बिश्वस्त छौ । यस आर्थिक बर्षमा यस विकास बैंकका सबै आधारभुत सुचांकहरु उत्साहप्रद रहेको तथा "To be the most trusted Bank" भन्ने हाम्रो vision मा प्रगती भैरहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

बैंकले हालसम्म हासिल गरेका उपलब्धिहरु तथा गतिविधिहरुका बारेमा संचालक समितिको वार्षिक प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरिएको व्यहोरा आदरणीय शेयरधनी महानुभावहरुलाई जानकारी गराउन चाहान्छौ ।

११ **सभामा प्रतिबेदन सहित पेश भएका प्रस्ताव र छलफलका लागी आहवान**

आज बसेको बैंकको बीसौं बार्षिक साधारण सभाको अध्यक्षता गर्नु हुने कम्पनीका अध्यक्ष श्री राजेश उपाध्यायज्यूले सभामा उपस्थित सबै महानुभावहरुलाई स्वागत गर्दै आफ्नो मन्तब्य सहित आ.व २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ साल आषाढ मसान्तको वासलात, तथा आ.ब.२०७७/७८ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु, आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण, लगायत सभामा पेश गरीएका सामान्य प्रस्ताव र बिशेष प्रस्तावका बिषयहरु छलफलका लागी सभामा पेश भएकाले सो उपर छलफलमा भाग लिन र यस बैंकको कारोबार सम्बन्धी बिबिध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु व्यक्त गर्नका लागी शेयरधनीहरुलाई सामुहिक अनुरोध गर्नुभयो ।

१२. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु**

यस बैंकको काम कारबाही, बार्षिक हरहिसाब, तथा बार्षिक प्रतिबेदनमा रहेका बिभिन्न प्रस्तावहरु माथी स्वंम तथा भर्चुयलको माध्यमबाट आफ्नो मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु कमस : (क) श्री अमृतनाथ रेग्मी (ख) श्री राम गोपाल महर्जन (ग) श्री सत्रुधन श्रेष्ठ (घ) श्री डमरु बल्लभ घिमिरे (ङ) श्री ब्रम्ह देब शाक्य (च)अधिवक्ता श्री अशोक उप्रेति (छ) श्री गणाकर भट्ट (ज) श्री चन्द्र नारायण श्रेष्ठ (झ) श्री शिब प्रसाद पौडेल (ञ) श्री कृष्ण कश्यप (ट) श्री ईन्द्र कृष्ण श्रेष्ठ (ठ) श्री दुर्गा सुबेदी रहनु भएको थियो । वहाहरुको राय सल्लह सुझावहरु समष्टिगत रुपमा निम्न बमोजिम रहेको छ ।

तरलता व्यवस्थापनका लागी डिबेन्चर निकालौ, विकास बैकहरुको समग्र सुचाकंहरु अध्ययन गर्दा यस बैंकको परफरमेन्स राम्रो देखिन्छ । शेयर मुल्य राम्रो रहेको छ । बैंकले प्रदान गरेको २१.०५२६ लाभास उच्च रहेको छ । बैक सबल देखिएकाले मर्जरमा जानु भन्दा अन्य संस्थालाई अक्युजिसनमा ल्याउनु राम्रो हुन्छ । बैंकलाई बासस्थान आवश्यक देखिएकाले केन्द्र तथा सातै प्रदेशमा बैंकको शाखाहरुको आफ्नो भवन बनाउनु आवश्यक देखिन्छ । बेस रेट माथी रहेकाले घटाउन लागौ । खराब कर्जा अनुपात बढि देखिएकाले घटाउन तिर पहल गरौ । निर्बाचनमा देखिएका समस्याहरु आपसी छलफल गरी समाधान गर्नुपर्नेमा अदालतमा गएको देखिएकाले अदालतमा जानु राम्रो होईन । अहिलै सम्मको उच्च लाभांस शेयरधनीले प्राप्त गर्न सक्षम भएकोमा बैंकका अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, तथा समस्त

कर्मचारी बर्गलाई धन्यबाद । जगेडाकोष राम्रो छ । तरलताको असहजताका बाबजुद बैंकको लगानीमा बृद्धि रहेको देखिन्छ । प्रति शेयर अम्दानी राम्रो देखिएको छ । शेयरधनीको मन जित्न बैंक सफल भएको छ । सिडि रेसियो राम्रो छ । एटिएमबाट पनि बैंकले राम्रो आम्दानी गर्न सफल भएको छ । सुचना प्रबिधिलाई समय सापेक्ष सुधार गर्दै जाने । सबै शाखाहरुमा सिसिटिभी क्यामरा जडान गर्ने । सामाजिक उत्तरदायीत्व अन्तर्गत ललितपुर स्थित महालक्ष्मी मन्दीरलाई सहयोग गर्ने । विकास बैंक मध्ये लाभास दिनेमा यो बैंक १ नं मा पर्न सफल भएकोमा सबैलाई धन्यबाद । शाखा बिस्तार गर्नु भन्दा भैरहेको शाखाको राम्रो मोनिटर गर्नु आवश्यक देखिन्छ । बुझि लिन बाकी लाभासंलाई सुचना वा फोन मार्फत शेयरधनीलाई जानकारी गराऊ । स्थगित साधारण सभा सम्पनन गर्न सफल हुनुभएकोमा बैंक व्यवस्थापन, सञ्चालक समिति, कर्मचारी बर्गलाई धन्यबाद । साधारण सभामा पेश भएको प्रतिबेदन समसामयीक आसलाग्दो देखिन्छ । आर्थिक कृयाकलापमा संकुचन देखिएतापनि बैंकले प्रगति गर्न सफल भएको छ । समयसापेक्ष कर्मचारीहरुलाई तालीमको व्यवस्था गर्दै जाने । सामाजिक उत्तरदायीत्व सम्बन्धमा बैंकले गरेको कार्य सहानिय छ । प्रतिबेदन उत्कृष्ट छ । नमिलेको कुरामा सहकार्य, सहमति गर्नुपर्नेमाा साधारण सभानै किन स्थगित गरीयो । साधारण सभामा संस्थापक नै उपस्थित नभई गणपुरक संख्या नपुग्नु राम्रो होईन । साधारण सभा स्थगित गर्न उच्च अदालतबाट पाटनबाट अन्तरीम आदेश लिई आउनु शेयरधनीको लागी कदापी राम्रो मान्न सकिदैन । यदि तोकिएको समयमा साधारण सभा सम्पन्न भएको भए समयमानै शेयर सुचीकरण भै शेयरधनीको खातामा बोनस शेयर आउथ्यो तर साधारण सभा रोकिएको कारण शेयर समयमा खातामा आएन र मुल्य घट्दै गई शेयरधनीहरुलाई घाटा पर्न गएको छ । शेयरधनीको हित बिपरीतको काम भयो र मर्का पर्न गयो त्यस्को क्षती कस्ले व्यहोर्ने । राम्रो भैरहेको संस्थालाई बिगार्ने खेल भैरहेको छ । आगामी दिनमा शेयरधनीहरुले पाउने बोनसलाई रोकेर बन्दी बनाउने काम कहि कतै बाट नहोस । उत्कृष्ट सजावट र उत्साहपुर्बक आजको सभाका लागी बैक व्यवस्थापनलाई बिशेष धन्यबाद । कोभिड १९ को महामारीका बाबजुद बैंकले २१.०५२६ प्रतिशत लाभासं दिन सक्षम भएको छ । महमलक्ष्मी विकास बैंकको शेयरहोल्डर हुन पाएकोमा गौरवान्वीत भएका छौ । यो साधारण सभा मुद्धामामीला संग जोडिन पुगेकाले सञ्चालकको भत्ता तथा सुबिधा बृद्धि गर्ने प्रस्ताव फिर्ता लिईओस । साधारण सभा मुद्धामामीलाका कारण २ पटक सम्म रोकिएकाले आईन्दा कुनै पनि शेयरधनीबाट त्यस्तो गल्ती नदोहोरीयोस । संस्था अगाडी बढिसकेकाले तल जादैन । बैंकमा संस्थागत सुशासन राम्रो भएका कारण बैंकले शेयरधनीहरुलाई राम्रो लाभांस दिन सफल भएको छ । सबैंको सुजबुझका कारण बैंक अगाडी बढेको छ । आगामी बर्ष २५ प्रतिशत भन्दा माथी लाभांस दिन सक्ने गरी कार्य गर्न अझै मेहनत आवश्यक छ । बैंकमा मुद्धामामीला गरेर सञ्चालक हुन पाईदैन सञ्चालक हुन शेयरधनीहरुको मन बिश्वास जित्ने गरी काम गर्नु पर्छ । राम्रो कर्मचारीको उचित मुल्याकंन गरी तालीम, सेवा सुविधामा बृद्धि, तथा प्रमोसनमा बिशेष ध्यान दिन अनुरोध छ । ब्याज आम्दानी घटेको देखिएकाले त्यस तर्फ बिशेष ध्यान दिनु पर्ने देखिन्छ । संस्थाले समयमा नै साधारण सभा बोलायता पनि सभा २ पटक स्थगित गराउने कार्य शेयरधनीबाट भएको देखिएकाले यस्तो कार्य निन्दनिय रहको छ । गलत व्यक्ति संस्थामा हाबी भयो भने संस्थानै धरापमा पर्न सक्ने भएकाले त्यस्ता व्यक्ति संग शेयरधनीहरु सावधानी हुनु जरुरी छ । साधारण सभाको कभर खाली रहेको देखिएकाले सोमा बैंकको बिज्ञापन वा अन्य सामग्री राख्नु राम्रो हुन्छ भन्ने लगायतका सल्लाह सुझावहरु पेश गर्नु भयो ।

१३ **शेयरधनीहरुको जिज्ञासा उपर अध्यक्षज्युबाट जबाफ:**

यस सम्बन्धमा शेयरधनीहरुले आ–आफ्नो सल्लाह, सुझाव, मन्तब्य राख्ने कार्य समाप्त भएपछि अध्यक्षज्युले शेयरधनीहरुबाट प्राप्त अमुल्य सल्लाह, सुझाव प्रति धन्यवाद दिदै प्राप्त सल्लाह, सुझाव लाई उच्च मुल्याकंन गर्दै सल्लाह सुझावहरुलाई अवलम्बन गर्दै आईरहेकोले बैंक अगाडि बढने विश्वास दिलाउँदै सभामा उठेका प्रश्नहरुको निम्न बमोजिम जवाफ दिनु भयो ।



महालक्ष्मी विकास बैंक लि.

शेयरधनीहरुवाट आएको मुख्य सुझावमा डिबेन्चर जारी गर्नको लागी बैंकले प्रकृया शुरु गरीसकेको छ। बैकको कर्पोरेट भवनका सम्बन्धमा जग्गा खरीद प्रकृया अगाडी बढायता पनि प्रगति हुन नसकेको जानकारी गराउदै सो प्रकृया आगामी दिनमा अघि बढाईने छ। बेसरेट बढि भएको भन्ने सन्दर्भमा निक्षेप मुद्धति निक्षेपमा गएको कारण त्यस्तो देखिन गएको हो। यो समस्या हाम्रो मात्र नभई सबै बैक बित्तीय संस्थाको रहेको छ। खराब कर्जा घटाउन बैंक व्यवस्थापन निरन्तर रुपमा लागी परेको छ। संस्कृत तथा भाषा बिद बिशिष्ठ व्यक्तित्व श्री सत्यमोहनज्यु लाई बैंकले सम्मान गर्ने मौका पाएको थियो। त्यहि सम्मान गर्ने अवसरमा वहाँबाट ललितपुरमा रहेको महालक्ष्मी मन्दीरमा सहयोग गर्न सुझाए बमोजिम बैंकले मन्दीर परिसर भित्र रहेको बगैचाको संरक्षण रेखदेख गर्ने जिम्मेवारी लिएको जानकारी गराउदछु। त्यस्तै सामाजिक उत्तरदायीत्व अन्तर्गत के २ हिमाल आरोहण गर्ने टिमलाई समेत बैंकले सम्मान गरेको र भबिष्यमा समेत यस्ता कार्यहरुलाई प्रोत्साहन दिईनेछ। उच्च अदालत पाटनबाट अल्पकालीन अन्तरीम आदेश भएको कारण सभा केहि ढिला हुन गएतापनि सम्मानीत अदालतबाट अन्तरीम आदेश खारेज गरेको कारण हामी यो स्थगित भएको २० औ साधारण सभा गर्न सक्षम भएका छौ। हामी आफै सक्षम भएकाले मर्जरको प्रस्ताव नराखीएको हो। तर पनि संस्थालाई अझै दरिलो बनाउन कुनै संस्थालाई अक्वायर गर्ने प्रस्ताव आएमा हामी अक्वायर गर्ने नै छौ। त्यस्तै अधिकृत पुँजि ८ अरब पुराउने प्रस्ताव गरेका छौ। बैंकको धेरै सम्पत्ति डुबेका छन निकाल्ने प्रयासमा हामी लागी परेका छौ। बैकको संस्थागत सुशासन मजबुद बनाई १ नं को बिकास बैंक बनाउने लक्ष लिएका छौ। २०७८ पौष मसान्तको अवस्था अध्ययन गर्दा २०७७ पौष देखि २०७८ पौष सम्म ८ अरब कर्जा बढको र बिगत ३ बर्षमा ११ अरब मात्र कर्जा बढेको देखिन्छ। त्यस्तै निक्षेप ३१ अरब बाट ३८ अरब पुग्न गएको र बितरण योग्य नाफा १२ करोडबाट २७ करोड ५० लाख पुग्न गएको छ।

शेयरधनीहरुको उचित सल्लाह, सुझाबले आगामी दिनमा बैंकले अझै प्रगति गदै जानेछ भन्ने बिश्वास लिदै शेयरधनीहरुले साधारण सभामा उपस्थिति भै आफनो अमुल्य समय दिई बैंकलाई सल्लाह, सुझाव दिएकोमा धन्यवाद दिन चाहान्छौ। यहाहरुको सल्लाह, सुझावलाई आत्मसाथ गरी अगाडि बढ्ने छौ। अन्तमा उपस्थित शेयरधनी महानुभावहरु, सञ्चालक, कर्मचारी वर्ग, सबैलाई धन्यबाद दिदै सभामा पेश भएका प्रस्ताबहरु पारीत गर्न आदरणीय शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछु।

१४ **छलफलको क्रम समाप्ती :** शेयरधनीहरुले राखेको जिज्ञासा, सल्लाह, सुझावहरुको सम्बन्धमा सभाका अध्यक्षले जबाफ दिनु भए पश्चाते अध्यक्षज्युको अनुमतिले कम्पनी सचिवले छलफलका बिषयबस्तुहरु समाप्त भएको सभालाई जानकारी गराउनु भयो।

१५ **सभामा पेश भएका प्रस्ताव र पारीत निर्णयहरु**

**(क) सामान्य प्रस्ताब**

(१) अध्यक्षज्युको मन्तब्य सहित बीसौ बार्षिक साधारण सभा (आ.व.२०७७/०७८) को प्रयोजनका लागी सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारीत गर्ने सम्बन्धमा अध्यक्षज्युले निर्णयार्थ सभामा पेश गर्नु भएकोमा उक्त प्रस्ताव शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ साल आषाढ मसान्तको वासलात, तथा आ.ब.२०७७/०७८ को नाफा नोक्सान हिसाव, एबं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध बित्तीय बिबरण सहितका अनुसूचीहरु पारीत गर्ने। सम्बन्धमा पेश भएको प्रस्ताब छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो।

(३) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ सम्मको संचित मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूँजी रु.३,३४,२४,०२,७२४/–को १.०५२६ प्रतिशतले हुन आउने नगद लाभांश

रु.३,५१,८३,१८७/- (अक्षरेपी तीन करोड एकाउन्न लाख त्रियासी हजार एकसय सतासी मात्र) (दशमलब पछाडि ४ अंङ्क मात्र उल्लेख गरीएको) बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव शेयरधनिहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरीक्षण गर्ने लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुदा लेखापरीक्षण समितिबाट आ.व.२०७८/७९ का लागी लेखापरीक्षकमा सिफारीस भएका श्री J.B.Rajbhandary & Dibins, Chartered Accountants लाई नियुक्ति गर्ने र पारीश्रमिक बापत रु.१०,००,०००।-(दस लाख) exclusive of VAT and (inclusive of tax Audit, long form audit report, Certification of Section 78 of Companies Act and Out of Pocket expenses for FY 2078/79) (लेखापरीक्षक शूल्क,कर लेखापरीक्षण, लंगफर्म अडिट रिपोर्ट, दफा ७८ प्रमाणिकरण तथा OPE समेत) (कर बाहेक) भुक्तानी दिने सिफारीस सहितको प्रस्तावलाई शेयधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो।

(५) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि तथा थप गर्ने सम्बन्धमा शेयरधनीहरुबाट प्राप्त सुझावलाई सल्लाहलाई मनन गरी गरी प्रस्ताव गरीएको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने प्रस्ताव फिर्ता लिने निर्णय गरीयो ।

(६) **विकास बैंकको नियमावली बमोजिम संस्थापक समुह (क) बाट ३ जना र सर्बसाधारण समुह (ख) बाट ३ जना गरी जम्मा ६ जना सञ्चालकको निर्बाचन गर्ने सम्बन्धमा ।**

कम्पनीको नियमावली अनुसार संस्थापक शेयरधनी समुह (क) को तर्फबाट ३ र सर्वसाधारण शेयरधनी समुह (ख) को तर्फबाट ३ जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा छलफल हुदा सञ्चालकको निर्बाचन प्रयोजनका लागी सञ्चालक समितिको मिति २०७८/९/२ बैठक नं ५०६ ले अधिवक्ता श्री बिष्णु प्रसाद न्यौपानेलाई निर्बाचन अधिकृत नियुक्ति गरीएकोमा निर्बाचन अधिकृत (निर्बाचन कार्यालय) बाट प्राप्त परिणाम बमोजिम बैंकको नियमावलीको नियम ८ (३) कम्पनि ऐन २०६३ को ९० (२) तथा बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १५ (१) अनुसार संस्थापक शेयरधनी समुह (क) को तर्फबाट ३ र सर्वसाधारण शेयरधनी समुह (ख) को तर्फबाट ३ गरी जम्मा ६ जना बढिमा ४ बर्षका लागी सञ्चालक पदमा निर्बाचन भएको घोषणा साधारण सभामा निर्बाचन अधिकृतले गर्नुभएकोमा सभाले सर्बसम्मतबाट स्वीकृति प्रदान गऱ्यो ।

**सञ्चालक पदमा निर्बिरोध/निर्बाचित भएका ब्यक्तिहरुको नामावली**

| क.सं | नाम, थर | ठेगाना | प्रतिनिधित्व गर्ने समुह | |
|---|---|---|---|---|
| १ | श्री राजेश उपाध्याय | का.म.पा.४, काठमाडौं | समूह (क) | निर्वाचीत |
| २ | श्री संजय गिरी | बिरगञ्ज, १२, पर्सा | समूह (क) | निर्वाचीत |
| ३ | श्री दिपक कुमार रौनियार (ग्रोईङ्ग प्रा.लिको तर्फबाट) | धोबीधारा, काठमाडौं | समूह (क) | निर्वाचीत |
| ४ | श्री श्याम सुन्दर रुङ्गटा | बिरगञ्ज ६, पर्सा | समूह (ख) | निर्बिरोध निर्वाचीत |
| ५ | श्री रुपेन्द्र पौडेल | किर्तिपुर १, काठमाडौं | समूह (ख) | निर्बिरोध निर्वाचीत |
| ६ | श्री राहुल अग्रवाल | सिद्धार्थनगर ४, रुपन्देहि | समूह (ख) | निर्बिरोध निर्वाचीत |

(७) **स्वतन्त्र सञ्चालक नियुक्त हुनुभएको जानकारी सम्बन्धमा ।**
सञ्चालक समितिको मिति २०७८/३/१८ बैठकनं ४९० बाट श्रीमति अम्बिका श्रेष्ठलाई बैंकको नियमावली तथा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १४ (३) बमोजिम मिति २०७८/३/२१ देखि लागु हुने गरी १ कार्यकालका (४ बर्ष) लागी स्वतन्त्र सञ्चालकमा नियुक्ति गर्ने निर्णय भएको बिषयको जानकारीका लागी पेश भएकोमा सभाले जानकारीमा लियो ।

(ख) <u>बिशेष प्रस्तावहरु</u> :–

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ सम्मको संचित मुनाफा रकमबाट शेयरधनीहरु लाई हाल कायम रहेको चुक्ता पूंजी रु.३,३४,२४,०२,७२४/– को २० प्रतिशतका दरले हुने रकम रु.६६,८४,८०,५४५/–(अक्षरेपी छेसट्ठी करोड चौरासी लाख असी हजार पाँच सय पैतालीस ) बराबरको बोनस शेयर बितरण गर्ने प्रस्ताव पारीत गर्ने निर्णय गरीयो ।

(२) विकास बैंकको हाल कायम अधिकृत पूँजी रु ४,००,००,००,०००/- (अक्षरेपी चार अर्व) लाई वृद्धि गरी रु.८,००,००,००,०००/- (अक्षरेपी आठ अर्व) कायम गर्ने सम्बन्धमा पेश भएको प्रस्ताब शेयरधनिहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(३) बिशेष प्रस्ताव अन्तर्गतको प्रस्ताव नं १ बमोजिमको बोनश शेयर जारी भए पश्चात जारी तथा चुक्ता पुँजि बृद्धि गर्न र प्रस्ताव नं २ को अधिकृत पुँजि बृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रको दफा ५ (क) (ख) (ग) संशोधन गर्ने निम्न बमोजिमको प्रस्ताव शेयधनीहरुबाट सर्बसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्न नियमावलीको नियम २९.(ख) (घ) मा संशोधन गर्ने सम्बन्धमा पेश भएको प्रस्ताव शेयरधनीहरुबाट प्राप्त सुझावलाई सल्लाहलाई मनन गरी फिर्ता लिने निर्णय गरीयो ।

**<u>प्रबन्धपत्रको दफा ५ (क) (ख) (ग) मा संशोधन भएका दफाहरु</u>**

**५. <u>विकाश बैंकको पूँजीको संरचना</u> :**
**विकाश बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :**

(क) विकाश बैंकको अधिकृत पूँजी रू. ८,००,००,००,०००/- (अक्षरेपी आठ अर्ब) हुनेछ । उक्त पूँजीलाई रू.१००/-का दरले ८,००,००,००० (आठ करोड थान) साधारण शेयरमा विभाजित गरिएको छ ।

(ख) विकास बैकको जारी पूँजी रू.४,०१,०८,८३,२६९/–(अक्षरेपी चार अर्ब एक करोड आठ लाख त्रियासी हजार दुई सय उनानसत्तरी मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००/-दरका ४,०१,०८,८३२.६९ (चार करोड एक लाख आठ हजार आठ सय बत्तीस दशमलब उनानसत्तरी मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) विकास बैकको चुक्ता पूँजी रू.४,०१,०८,८३,२६९/–(अक्षरेपी चार अर्ब एक करोड आठ लाख त्रियासी हजार दुई सय उनानसत्तरी मात्र) हुनेछ ।

(४) बिकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव शेयरधनिहरु बाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।



महालक्ष्मी विकास बैंक लि.

**(ग) विविध** :– छलफल गरीने बिषयहरु नभएको ।

१६ **धन्यबाद तथा सभा समापन**

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्युले भैतिक तथा भर्चुअल मार्फत उपस्थित भई शेयरधनी महानूभावहरुले सभामा सकिय रुपमा सहभागी भई बैंकको काम कारबाहीका सम्बन्धमा बैंकलाई गहकिला सुझाव, सल्लाह दिनु भई सभामा पेश भएका सामान्य र बिशेष प्रस्ताव पारीत गर्नु भएकोमा वहांहरु प्रति आभार प्रकट गर्दै उपस्थित हुनु भएका सञ्चालक, बैंक व्यवस्थापन, कर्मचारीहरु, आफ्नो अमुल्य समय दिई उपस्थित हुनु हुने शेयरधनी महानुभावहरु लगायत नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लीयरिङ्ग लि.तथा विभिन्न संघ संस्थाहरू, लेखापरीक्षकलाई हार्दिक धन्यबाद दिदै अध्यक्षज्युबाट आजको बीसौ वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

..................
सोमराज पन्त
(कम्पनि सचिव)

महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

..................
राजेश उपाध्याय
(अध्यक्ष–सञ्चालक समिति)